पूर्वेली जनसञ्चार सहकारी संस्था लि. विराटनगरद्वारा प्रकाशित www.hamromat.com Hamromat www.facebook.com/hamromat2/ www.facebook.com/hamromat1/

हाम्रोमत
राष्ट्रिय दैनिक

श्री गणपति ज्वेलरी
विराटनगर-४, कञ्चनबारी
११ औं बर्षमा प्रवेश गरेको अवसरमा
१ तोला वा सो भन्दा बढी सुनको गहना खरिद गरेमा १ जना भाग्यमानी ग्राहकले पाउनुहुने छ।
बम्पर उपहार
आधा तोला सुन
11th ANNIVERSARY
२०७८ श्रावण १ गते देखि कार्तिक ३४ गते सम्म सहभागि ग्राहकलाई समावेश गरिने छ।
०२१-४६२५६५। ९८५२०३१८०७। ९८४२०३१८०७। ९८०४०३९७३४।। श्री गणपति मनि ट्रान्सफर का सेवा पनि उपलब्ध छ।

संदीप थापा
९८१४०६०५५८
स्मीता थापा
९८००९४२१७५
थापा सुज कलेक्सन
दुर्गा मार्केट, विराटनगर-९, मोरङ
(पूर्वाञ्चल क्याफेको भित्र)
यहाँ ब्राण्डेड जुत्ताहरु सुपथ मूल्यमा पाइन्छ ।

वर्ष १८, अंक : १०५ २०७८ असोज १२ गते मंगलबार 2021 September 28 Tuesday **Hamromat Daily** मूल्य रू. ५

फर्मासिस्टको बदमासी

लाइसेन्स भाडामा लगाएर अन्यत्रै काम

हाम्रोमत संवाददाता

विराटनगर, ११ असोज

फार्मेसी पढेर 'फर्मासिस्ट' बनेकाहरुले आफ्नो लाइसेन्स अरुलाई नै भाडामा लगाउने र आफू भने अन्यत्रै काम गर्ने गरेको पाइएको छ।

औषधिको बिक्री वितरण गर्दा 'फर्मासिस्ट' अनिवार्य रूपमा औषधि पसलमा बस्नुपर्ने व्यवस्था औषधि व्यवस्था विभागले गरेको छ। तर, फर्मासिस्टहरुले भने कमिसनको लोभमा आफ्नो लाइसेन्स भाडामा लगाएर अन्यन्त्र काम गर्ने गरेको पाइएको छ।

फर्मासिस्टहरुको लाइसेन्स राखिएको औषधि पसलमा उनीहरु नबस्ने, अर्को पसल वा विभिन्न औषधि उद्योगहरूमा काम गर्दै आएको पाइएपछि औषधि व्यवस्था विभागले बद्मासी गर्ने फर्मासिस्टहरूको लाइसेन्स खारेजीसम्मको प्रक्रिया अगाडि बढाएको छ।

विभागले आइतबार सुनसरीका फार्मेसीहरू अनुगमन गर्दा दुई जना फर्मासिस्टले भाडामा लाइसेन्स लगाएको फेला विभाग विराटनगरका निमित्त कार्यालय प्रमुख संजीव शर्मा कट्टेलले जानकारी दिए। फर्मासिस्ट राज कट्टेलले लाइसेन्स भाडामा लगाएको अनुगमनको क्रममा भेटिएको छ। उनले इटहरी १७ मा रहेको एलिना फार्मेसीलाई लाइसेन्स भाडामा दिएर उनी भने मोरङको कटहरीस्थित एमटेक फर्माटिकलमा काम गर्ने गरेको फार्मेसी निरीक्षक दिपेन्द्र खड्काले जानकारी दिए।

बराहक्षेत्र नगरपालिका ६ मा रहेको कामना फार्मेसीका फर्मासिस्ट अरविनकुमार अग्रहरीले पनि लाइसेन्स भाडामा लगाएको भेटिएको छ। बी फार्मेसी गरेका उनले कामना फार्मेसीमा आफ्नो लाइसेन्स दिएर काम भने अन्यन्त्र गरेको भेटिएको निरीक्षक खड्काले बताए। उक्त फार्मेसी संचालक प्रमोदकुमार साह तेली हुन्।

औषधि ऐन २०३५ को दफा १७ को उपदफा २ ले भनेको छ, 'औषधि चिकित्सकको प्रेसक्रिप्सन बमोजिम बिक्री वितरण गर्दा फर्मासिस्ट वा फार्मेसी सहायक वा व्यवसायी आफैले गर्नुपर्नेछ र फर्मासिस्ट वा फार्मेसी सहायक वा व्यवसायी बाहेक अरुले त्यस्तो औषधि बिक्री वितरण गर्दा फर्मासिस्ट वा फार्मेसी सहायक वा व्यवसायीको उपस्थिति अनिवार्य हुनेछ।'

औषधिको बिक्री वितरण गर्दा फर्मासिस्टको अनिवार्य उपस्थिति हुनुपर्ने व्यवस्था गरेको कारणले कतिपय फर्मासिस्टले कमिसनको लोभमा आफ्नो लाइसेन्स फार्मेसीलाई भाडामा दिएर उनीहरू अर्कै ठाउँमा काम गर्ने गरेको भेटिएको हो। 'फर्मासिस्टले भाडामा लाइसेन्स लगाएर अन्यन्त्र काम गरेको अनुगमनको क्रममा फेला परेको खण्डमा कारवाहीको प्रक्रिया अघि बढाउने गरेका छौं,' औषधी व्यवस्था विभाग विराटनगरका निमित्त कार्यालय प्रमुख कट्टेलले भने, 'यसरी भाडामा लाइसेन्स लगाएर अन्यन्त्र काम गरेको भेटिए नेपाल फार्मेसी परिषद्मा फर्मासिस्टको लाइसेन्स खारेजीसम्मको लागि सिफारिस गरिनेछ।

लाइसेन्स भाडामा लगाउने फर्मास्टिलाई कालोसूचीमा समेत राखिन्छ। फर्मासिस्टले मासिक ८ देखि १५ हजार रुपैयाँसम्म लिएर लाइसेन्स भाडामा लगाउने र अन्यन्त्र काम गर्ने गरेको देखिएको हो।

बाँकी ३ पेजमा

दर्ताविनाका फार्मेसी छ्याप्छ्याप्ती

हाम्रोमत संवाददाता

विराटनगर, ११ असोज

प्रदेश १ को तराई र पहाडी जिल्लाका ग्रामीण क्षेत्रमा दर्ता बेगर नै फार्मेसी सञ्चालन गरेको भेटिएको छ।

नियमनकारी निकायको चासो कम पर्ने भन्दै कमाउधन्दामा लागेका व्यक्तिले औषधि व्यवस्था विभागमा दर्ता नै नगरी फार्मेसी चलाएका हुन्। विशेषगरी तराईको सुनसरी, मोरङ, झापा, उदयपुर, सिरहा, सप्तरीको ग्रामीण क्षेत्र र सीमावर्ती क्षेत्र नजिक खोलेको फार्मेसीहरू दर्ता बेगर संचालनमा आउने गरेका छन्। तराईबाहेक पनि पहाडी जिल्लाहरूमा दर्ता बेगर फार्मेसी संचालन हुने गरेको पाइएको हो।

औषधि व्यवस्था विभाग विराटनगरले आइतबार १७ वटा फार्मेसी अनुगमन गर्दा सुनसरीमा मात्र चार वटा दर्ताबिना सञ्चालनमा रहेको फेला पारेको थियो। सुनसरीको ग्रामीण क्षेत्रको अनुगमन गर्दा ४ वटा फार्मेसी दर्ता बेगर सञ्चालन गरेको पाइएपछि शिलबन्दी गरिएको नेपाल औषधि व्यवस्था विभाग विराटनगरका निमित्त कार्यालय प्रमुख सञ्जीव शर्मा कट्टेलले जानकारी दिए। यसरी दर्ता बेगर सञ्चालन भएका फार्मेसीहरू सुनसरीको बराहक्षेत्र नगरपालिका भित्रका छन्।

बरहाक्षेत्र नगरपालिका ४ का शर्मिला राईले सञ्चालन गरेको नाम बेगरको फार्मेसी औषधि व्यवस्था विभागले शिलबन्दी गरेको छ। उत्तिमलाल साहले सञ्चालन गरेको मनकामना स्वास्थ्य क्लिनिक, बराहमा उन्दीप चौधरीले संचालन गरेको औषधी पसल पनि बिर्ना दर्ता संचालन गरेको पाइएपछि शिलबन्दी गरिएको कट्टेलले जानकारी दिए। सरिता ठाकुरले बराहक्षेत्रमा सञ्चालन गरेको शम्भु मेडिकल हल पनि शिलबन्दी गरिएको छ। शिलबन्दी गरिएकोमध्ये राईले सञ्चालन गरेको फार्मेसीले सामान्य मापदण्ड पनि पालना नगरेको विभागका प्रमुख कट्टेलले बताए।

बाँकी ३ पेजमा

विद्युत् समस्याले किसानलाई सास्ती

भोल्टेज नभएको बेला गाउँकै विजुली काटिन्छ, दूध चिस्यान केन्द्रमा समस्या बढ्यो, कुटानी पिसानी मिल ठप्प भए

हाम्रोमत संवाददाता

विराटनगर, ११ असोज

विजुलीको भोल्टेज कम आउँदा मोरङको कानेपोखरी-५, भौंसाबारीमा रहेको दूध चिस्यान केन्द्रमा चिलिङ भ्याट (चिसे) चल्दैन। मुक्ति कृषि सहकारी संस्था लि. केरौनले सञ्चालन गरेको उक्त चिसेमा दैनिक ५ सय लिटर दूध संकलन हुँदै आएको छ।

'भोल्टेज नहुँदा चिसे चल्दैन, दैनिक जेनेरेटर चलाएर दूध चिस्याउँदा घाटा भइरहेको छ,' सहकारीका कार्यसमिति सदस्य लोकनाथ फुयाल बताउँछन्, 'कुलमान आएपछि ठिकठाक होला भनेको भन् हविगत भयो।' कानेपोखरी २ मै रहेको नवदुर्गा डेरीले दैनिक २ हजार लिटर दूध संकलन गर्छ। तर, उक्त दूध टिकाउन भोल्टेज नहुँदा दिनको ६ देखि ७ घण्टा जेनेरेटर चलाउनु परेको छ। '६/७ घण्टा जेनेरेटर चलाउनु परेको छ, दैनिक खर्च १ हजार १५ सयले बढ्यो,' डेरीका संचालक राजकुमार खनाल बताउँछन्, 'भोल्टेज नभएको भन्दै एकएक छिनमा बिजुली काटिन्छ, इलेक्ट्रिकल सामानहरु बिग्रिएर हैरान भइयो।' कानेपोखरीका दुग्ध संकलन केन्द्रलाई मात्रै होइन, त्यस क्षेत्रमा अहिले पानी तान्ने मोटर पनि चल्दैन।

बाँकी ३ पेजमा

प्रेम सम्बन्ध बिग्रिएपछि हत्या

हाम्रोमत संवाददाता

ताप्लेजुङ, ११ असोज

प्रेस सम्बन्धलाई विवाहमा परिणत गर्ने विषयमा विवाद हुँदा ताप्लेजुङकी किशोरी १८ वर्षीया पुष्पा तबेबुङ लिम्बूको हत्या भएको खुलेको छ।

शव फेला परेको तीन दिनपछि किशोरीको हत्या गरेको आरोपमा फुङ्लिङ नगरपालिका १० फुरुम्बुका २४ वर्षीय रामकुमार कार्कीलाई प्रहरीले पक्राउ गरी आइतबार सार्वजनिक गरेको छ।

गएको शुक्रबार बिहान फुङ्लिङ ७ दोखुको सेती चौतारा नजिक निगाले भीरमा पुष्पाको शव फेला परेको थियो। फक्ताङ्लुङ गाउँपालिका ३ लिंखिम घर भई फुङ्लिङको बिहीबारे टोलमा बस्ने पुष्पाको हत्या उनकै प्रेमी रामकुमारले गरेको प्रहरीले जनाएको छ।

बाँकी ३ पेजमा

ढिस्कोमा पुरिएर मृत्यु

सोलुखुम्बु, ११ असोज (हाम्रोमत)- सोलुखुम्बुको लिखुपिके ५ स्थित लिखु जलविद्युत आयोजनाको सुरुङमा काम गरिरहेका एक मजदुरको ढिस्कोले पुरिएर मृत्यु भएको छ। मृत्यु हुनेमा खोटाङका २८ वर्षीय रामकृष्ण राई र घाईते हुनेहरुमा दोलखा जिरी २ का २१ वर्षीय जगत श्रेष्ठ र ओखलढुंगा मोलुङ ८ का २८ वर्षीय प्रविन्द्र राई रहेका छन्।

सुरुङमा काम गरिरहेको अवस्थामा रामकृष्णको ढिस्को झरेर अन्दाजी ४०० मिटर तल खस्दा घटनास्थलमानै मृत्यु भएको थियो। जगत र प्रविन्द्र सोही ढिस्कोले पुरिएर घाईते भएका थिए।

घाईतेहरुलाई उपचारको लागी हेलिकप्टरबाट केएमसी हस्पिटल काठमाडौ लगिएको छ। घटना स्थलमा प्रहरी चौकी किञ्जा र प्रहरी चौकी चौलाखर्कबाट प्रहरी टोली खटिएर थप अनुन्धान गरिरहेको छ।

दुर्घटनामा २ को ज्यान गयो

विराटनगर, ११ असोज (हाम्रो मत)- ताप्लेजुङको सिरिजंघा गाउँपालिका ४, तेल्लोकस्थितमा ट्याक्टरको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ।

दुर्घटनामा स्थानीय ४५ वर्षीय ईन्द्र भट्टराईको मृत्यु भएको छ। पूर्वबाट पश्चिम आउँदै गरेको मे १ त ६३९९० नम्बरको ट्याक्टरले पदैलयात्री भट्टराईलाई ठक्कर दिएको हो।

ट्याक्टर र ट्याक्टर चालक सञ्जराज लिम्बू ईलाका प्रहरी कार्यालय तेल्लोकको नियन्त्रणमा रहेको छ। घटना सम्बन्धमा थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ।

उता उदयपुरको बेलका नगरपालिका ३ त्रिबेणी चोकस्थित भित्रि सडक खण्डमा स्कुटीको ठक्करबाट पदैलयात्रीको मृत्यु भएको छ। दुर्घटनामा ७० वर्षीय हरिण्यबहादुर बस्नेतको मृत्यु भएको हो।

शनिबार साँझ उत्तरबाट दक्षिणतर्फ गईरहेको बा ६६ प ६०५३ नम्बरको स्कुटीले ठक्कर दिँदा घाईते भएका पैदलयात्री बस्नेतको उपचारको क्रममा धरानमा मृत्यु भएको हो। स्कुटी र चालक सोही स्थानका २६ वर्षीय एकराज बिक ईलाका प्रहरी कार्यालय रामपुर ठोक्सिलाको नियन्त्रणमा छन्।

NEURO CARDIO & MULTISPECIALITY HOSPITAL Pvt. Ltd.
"Trusted Care"
PRESENTS
WORLD HEART DAY 29 SEP
स्वस्थ मुटुकोलागी साईकल र्‍याली
IN ASSOCIATION WITH
LEO CLUB OF BIRATNAGAR, MAHANAGAR
World Heart Day
September 29th
२०७८ असोज १३ गते, विहान ७:०० बजे देखि
"Use heart to connect"
*१२ गते देखि १४ गते सम्म मात्र
Other Attractions
नि:शुल्क ओ.पि.डी.
५० प्रतिशत प्याथोलोजी सम्बन्धी जाँचहरुमा छुट
नोट: र्‍यालीमा सहभागी हुन इच्छुक महानुभावहरुले ९८५२०३२९९४, ९८५२०३२९९५ नम्बरमा सम्पर्क गरी आफ्नो नाम दर्ता गराउनुहोला।
Co-Partners
NEURO Health College
LORD BUDDHA SECONDARY SCHOOL
NYEF NEPALESE YOUNG ENTREPRENEURS' FORUM BIRATNAGAR CHAPTER
LEO
LIONS CLUB OF BIRATNAGAR MAHANAGAR
THE HEART FOUNDATION

NS-191
PREMIER NXT
भरोसा नयाँ युग निर्माणको 500D
GUARANTEED QUALITY
STRONG X RIBBED BAR
PRIME BILLET
JAPANESE TECHNOLOGY
SPECTROMETER TESTED
...एक असाधारण TMT छड
PREMIER STEEL
सबैको लागि, सधैंको लागि
लच्किन्छ तर टुट्दैन
PREMIER NXT
Sharda Group "Industrial Conglomerate"
akrgroup
HEAD OFFICE: P.O. Box: 80, Satghumti Road, Biratnagar-8, Nepal, Tel: +977-21-524248, 526654, Email: pspl.steel2018@gmail.com
CORPORATE OFFICE: P.O. Box: 2544, Thapathali, Kathmandu, Nepal, Tel: +977-1-4229922, Fax: +977-1-4229800, Umesh Baral 9851051786
ICS ISO 9001:2015